हिमालयन रि

HIMALAYAN RE

# हिमालयन रिइन्स्योरेन्स लिमिटेडको
# विशेष साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०७९/०२/१९ गते बिहीवार)

मिति २०७९/०१/०२ मा बसेको यस कम्पनीको संचालक समितिको २५ औं बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सभा हुने मिति, समय र स्थान |
|---|
| मिति : २०७९ साल जेठ २७ गते शुक्रवार । |
| समय : दिउँसो ०२:०० बजे । |
| स्थान : होटल अलफ्ट, ठमेल, काठमाडौं । |

## छलफलका विषयहरूः

**क) विशेष प्रस्ताव**

१) सर्वसाधारणका लागि साधारण शेयर प्रिमियममा निष्काशन गर्ने सम्बन्धमा ।

२) प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी दिने बारे ।

**ख) विविध ।**

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयरधनी तथा प्रतिनिधिको परिचय खुल्ने प्रमाण लिई आउनुहुन अनुरोध छ ।

२) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिनभन्दा ४८ घण्टा अगावै अर्थात् २०७९/०२/२५ गते अपरान्ह २ बजेभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको पाइएमा सबैभन्दा पहिले कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदान गर्न पाउनु हुने छैन ।

३) संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाइने छ ।

४) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

५) छलफलको विषयमध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ४८ घण्टा अगावै सो विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध गरिन्छ । उक्त विषय उपर अध्यक्षले आवश्यक ठानेमा मात्र छलफल गरिनेछ ।

६) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको कार्यालय ललिता भवन, महाराजगंज, काठमाण्डौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

आज्ञाले,
कम्पनी सचिव

**कम्पनीको कार्यालय**
ललिता भवन, महराजगंज, काठमाण्डौं
फोन नं. : ०१-४००३१२२, ४००३१२३, ४४४३४३२ इमेलः contactus@himalayanre.com